# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, मंसिर ४ गते, २०८२ साल (सङ्ख्या १०

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई सशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यी कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यकम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ६ मा संशोधनः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१(यसपछि मूल कार्यबिधि भनिएको) को दफा ६ को खण्ड (घ) मा रहेको लागत सहभागिताको भन्ने शब्दहरूपछि "वा प्राविधिक साझेदारीको वा दुवैको" भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल कार्यविधिको दफा ११ मा संशोधनः** मूल कार्यविधिको दफा ११ को सट्टा देहायको

दफा ११ राखिएको छः-

"११. **प्रस्ताव पेश गर्न योग्यता र पूर्वशर्तः** स्थानीय तहले प्रस्ताव पेश गर्न देहाय अनुसारको योग्यता र पूर्वशर्त अनिवार्य पूरा गरेको हुनु पर्नेछ र उक्त शर्त पुरा नगरेका स्थानीय तह आवेदनका लागि योग्य हुने छैनन्।"

(क) चालू आर्थिक वर्षमा प्रकाशन भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा न्यूनतम पचास प्रतिशत अङ्क हासिल गरेको हुनुपर्ने,

(ख) गाउँ/नगर सभावाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार कार्यक्रम पेश गरेको र उपदफा (६) बमोजिम पारित गरेको हुनु पर्ने,

(ग) अघिल्लो आर्थिक वर्षको पूँजीगत खर्च प्रगति कम्तीमा चालिस प्रतिशत रहेको,

(घ) गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षणमा पाँच प्रतिशत भन्दा कम बेरुजु रहेको,

(ङ) कानूनले निर्दिष्ट गरे बमोजिम अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारलाई दाखिला गर्नु पर्ने राजस्व बाँडफाँड वापतको रकम सम्बन्धित स्थानीय तहले विभाज्य कोषवाट प्रदेश सचित कोषमा जम्मा गरेको हुनु पर्ने । तर, माथि उल्लेखित प्रावधानहरू पूरा गरे तापनि यो कार्यविधि लागु हुनुभन्दा

अगाडि सम्झौता गरी परियोजना कार्यान्वयन गर्न नसकेका स्थानीय तहले यस कार्यविधि बमोजिम एक पटकका लागि प्रस्ताव पेश गर्न योग्य हुने छैन।"

४. **<u>मूल कार्यविधिको दफा १४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १४ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी, निजी क्षेत्रका संघ संस्थासँग लागत वा प्राविधिक वा लागत र प्राविधिक दुवै साझेदारी हुनेगरी आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्न स्थानीय तहले संयुक्त रूपमा परियोजना प्रस्ताव पेश गर्न सक्नेछन्।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम अन्य संस्थासँगको प्राविधिक सहायता साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा साझेदार संस्थाको लागत वा प्राविधिक वा लागत र प्राविधिक साझेदारी र कार्य जिम्मेवारीको स्पष्ट विवरण पेश गर्नु पर्नेछ।"

५. **<u>मूल कार्यविधिको अनुसूची-४ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची ४ को क्रम सङ्ख्या 'च' को सट्टा देहायको क्रम सङ्ख्या 'च' राखिएको छः-

| विषय | विवरण | कैफियत |
|---|---|---|
| (१) सीमान्तीकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| (२) लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | | |
| (३) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा प्राप्त गरेको अङ्क | | |
| (४) गत आ.व. को पुँजीगत खर्चको प्रतिशत | | |
| (५) प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| (६) गत आ.व.भन्दा अघिल्लो आ.व.को बेरूजु प्रतिशत | | |
| (७) गत आ.व.मा स्थानीय तहको आन्तरिक आय | | |

६. **मूल कार्यविधिको अनुसूची-५ मा संशोधनः** मूल कार्यविधिको अनुसूची ५. को,-

(१) कम सङ्ख्या ३. को सट्टा देहायको क्रम सङ्ख्या ३. राखिएको छः-

"३. चालू आर्थिक वर्षमा प्रकाशन भएको स्थानीय शासन कार्यसम्पादन मूल्याइन प्रणाली (LGPAS) को नतिजा सार्वजनिक गरेको गाउँ/नगर कार्यपालिकाको निर्णयको प्रति र नतिजाको वेभ पोर्टलको स्क्रिन सट।"

(२) क्रम सङ्ख्या ५. को सट्टा देहायको क्रम सङ्ख्या ५. राखिएको छः-

"५. अघिल्लो आ.व.को कुल पूँजीगत बजेटको कम्तीमा चालीस प्रतिशत खर्च भएको पुष्टपाई हुने कागजातको प्रमाणित प्रति।"

७. **मूल कार्यविधिको अनुसूची-६ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-६ को.-

(१) क्रम सङ्ख्या ४. को सट्टा देहायको क्रम सङ्ख्या ४. राखिएको छः-

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | यस अघि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ मार्फत परियोजना कार्यान्वयन गरेका स्थानीय तह बाहेकका | ५ | प्रदेश सरकारले प्रचलित कानूनमा गरेको वर्गीकरणमा<br>– "क" वर्गमा परेका स्थानीय तहका लागि -५,<br>– "ख" वर्गका स्थानीय तहका लागि -३,<br>– "ग" वर्गका स्थानीय तहका लागि -१ र<br>– "घ" वर्गका स्थानीय तहका लागि-०,त<br>– तर, एकभन्दा बढी स्थानीय तहले संयुक्त रुपमा अवधारणा पत्र पेश गरेको अवस्थामा प्रस्ताव गर्ने स्थानीय तहको अंक प्रदान गरिनेछ । | | गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम भएको स्थानीय तहको |

| | | | | | |
|---|---|---|---|---|---|
| | नयाँलाई प्राथमिकता | | | | भौगोलिक वर्गीकरण अनुसार |

(२) क्रम सङ्ख्या १०. को सट्टा देहायको क्रम सङ्ख्या १०. राखिएको छः-

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्राप्ताङ्क | १० | — ९१ भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ८१ भन्दा बढी ९० भन्दा कम अङ्क प्राप्त गरेको = ९०%<br>— ७१ भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ६१ भन्दा बढी ७० भन्दा कम अङ्क प्राप्त गरेको = ७०%<br>— ५१ भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>— ५० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |

(३) क्रम सङ्ख्या १२. झिकिएको छ।

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सरकारको सचिव